# राष्ट्रिय जीवन बीमा कम्पनीको
## दोस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः२०८२।१२।०१

मिति २०८२ साल फागुन २९ गते शुक्रबार बसेको सञ्चालक समितिको ३१ औं बैठकको निर्णयानुसार यस कम्पनीको नियमावलीको नियम १८ मा रहेको व्यवस्था बमोजिम बोलाइएको यस दोस्रो बार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न बिषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थान**

सभा हुने मिति : २०८२ साल चैत्र २७ गते शुक्रबार (तदनुसार अप्रिल १०, २०२६)।

समय : अपरान्ह ३:०० बजे।

स्थान : कम्पनीको प्रधान कार्यालय, रामशाहपथ, काठमाण्डौं।

**छलफलका विषयहरु :**

(**क**) **सामान्य प्रस्ताव।**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन छलफल गरी पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको साबिक राष्ट्रिय बीमा संस्थानको आर्थिक वर्ष २०७४/७५ र २०७५/७६ सम्मको वासलात, नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु सहित अनुसूचीहरु छलफल गरी पारित गर्ने।

(**ख**) **विशेष प्रस्ताव।**

१. कम्पनीको प्रवन्धपत्र र नियमावलीमा संशोधन तथा कुनै फेरबदलको लागि नेपाल सरकार वा नियमनकारी निकायबाट सुझाव प्राप्त भएमा सो बमोजिम आवश्यक फेरबदल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने।

(**ग**) **विविध।**

**सञ्चालक समितिको आज्ञाले**
**(कम्पनी सचिव)**

# राष्ट्रिय जीवन बीमा कम्पनीको

## दोस्रो वार्षिक साधारण सभाको समय संशोधन सम्बन्धी सूचना

यस कम्पनीको सञ्चालक समितिको मिति २०८२ साल चैत १८ गते बसेको ३३ औं बैठकको निर्णयानुसार कम्पनीको पूर्व प्रकाशित सूचना बमोजिम आह्वान गरिएको दोस्रो वार्षिक साधारण सभाको समय संशोधन गरी कम्पनीको दोस्रो वार्षिक साधारण सभा मिति २०८२ साल चैत २७ गते शुक्रबार दिनको १२ः४५ बजे सञ्चालन हुने व्यहोरा सम्पूर्ण शेयरधनी तथा सरोकारवाला महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सभा सम्बन्धी अन्य सम्पूर्ण विवरणहरु पूर्व प्रकाशित सूचना बमोजिम यथावत रहनेछन्।

**सञ्चालक समितिको आज्ञाले**
**(कम्पनी सचिव)**